बकैया गाउँपालिका
Bakaiya Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
हात्तीसुँडे, मकवानपुर
Hattisunde, Makawanpur

बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र सख्या:- २०८०/०८१

# साना सिंचाई कार्यक्रम सञ्चालनका लागि दरखास्त आव्हान सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मितिः- २०८०/०६/११ गते ।*

प्रस्तुत विषयमा यस गाउँपालिका आर्थिक विकास शाखा (कृषि सेवा) तर्फको वार्षिक स्वीकृत कार्यक्रम अनुसार आ.व. २०८०/०८१ मा यस गा.पा क्षेत्र भित्र सञ्चालन गरिने साना सिंचाई कार्यक्रम (कुलो निर्माण, कुलो मर्मत, ईनार खन्ने, ईलेक्ट्रिक मोटर, पम्प सेट/ जेनेरेटर, पाईप आदि) कृषक समुह, कृषि सहकारी, कृषि फार्म, जल उपभोक्ता समिति मार्फत सञ्चालन गर्नुपर्ने भएकोले सम्भाव्यता भएका कृषक समुह, कृषि सहकारी, कृषि फार्म, जल उपभोक्ता समितिहरुले तपसिलका शर्तहरुको अधिनमा रही प्रथम पटक प्रकाशित मितिले २१ (एक्काईस) औ दिन (मिति २०८०/०७/०१) सम्ममा कार्यालय समयमा आवेदन प्रस्तावना दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. अनुसुचि-२ बमोजिमको आवेदन तथा संक्षिप्त कार्ययोजना (प्रत्येक कृषक समुहको बेग्ला बेग्लै हुनु पर्ने),
२. आवेदन फारम रु.१००/- (फिर्ता नहुने गरी) तिरि गाउँपालिकाको कार्यालय हात्तीसुँडे, मकवानपुरमा नगद भौचर दाखिला गरी प्राप्त गर्न सकिने छ,
३. आवेदन फारम माथि उल्लेख भए अनुसारको सामुहिक योजनाको लागि मात्र हुनुपर्ने छ । व्यक्तिगत योजनाको लागि निवेदन दर्ता हुने छैन,
४. आवेदन साथ निम्न कागजातहरु संम्लग्न भएको हुनुपर्नेछ,
   क. कृषक समुह, कृषि सहकारी संस्था, जल उपभोक्ता समिति सम्बन्धित निकायमा दर्ता भएको प्रमाण-पत्र प्रतिलिपि,
   ख. योजना सञ्चालन सम्बन्धि कृषक समुह, कृषि सहकारी संस्था, जल उपभोक्ता समितिको बैठकको निर्णय प्रतिलिपि साथै कार्ययोजना छनौट भएमा प्रतिवद्धता-पत्र,
   ग. सम्पुर्ण उपभोक्ता सदस्यहरुको नागरीकता प्रमाण-पत्र प्रतिलिपि,
   घ. कृषक समुह, कृषि सहकारी संस्था, जल उपभोक्ता समितिको करचुक्ता सहित प्यान दर्ता प्रमाण पत्र प्रतिलिपि,
   ङ. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
५. रित नपुगेको वा म्याद नाघि प्राप्त निवेदन उपर कुनै कारवाही गरिने छैन ।

विस्तृत जानकारीका लागिः-
बकैया गाउँपालिकाको कार्यालय आर्थिक विकास शाखा
हात्तीसुँडे, मकवानपुर ।
सम्पर्क नं.९८५५०७३९२२, ९८४६३४४६५२, ९८४०५५८९९३

.....................
मिलन दुलाल
नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner

बकैया गाउँपालिका
Bakaiya Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
हात्तीसुंडे, मकवानपुर
Hattisunde, Makawanpur

बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र सख्या:- २०८०/०८१

# ५० प्रतिशत अनुदानमा कृषि चुन वितरण सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति:- २०८०/०६/११ गते ।*

प्रस्तुत विषयमा यस गाउँपालिका आर्थिक विकास शाखा (कृषि सेवा) तर्फको यस आ.व २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा कृषि चुन वितरण गर्ने कार्यक्रम भएकोले कृषकहरुलाई आवश्यक पर्ने कृषि चुनको मात्रा (केजी) सहित तपसिल बमोजिमको आवश्यक कागजात प्रथम पटक प्रकाशित मितिले २१ (एक्काईस) दिन (मिति २०८०/०७/०१) सम्ममा कार्यालय समयमा आवेदन गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:-

१. तोकिएको ढाँचा अनुसारको निवेदन,
२. जग्गाको स्वामित्व खुल्ने जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि/मन्जुरीनामा (ऐलानी जग्गाको हकमा सम्बन्धित वडा कार्यलयको ऐलानी जग्गा प्रमाणित सिफारिस पत्र),
३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
४. सम्बन्धित व्यक्तिको नागरिकता प्रमाणपत्र प्रतिलिपि,

विस्तृत जानकारीका लागि:-
बकैया गाउँपालिकाको कार्यालय आर्थिक विकास शाखा
हात्तीसुंडे, मकवानपुर ।
सम्पर्क नं.९८५५०७३९२२, ९८४६३४४६५२, ९८४०५५८९९३

..............................
मिलन दुलाल
नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner